आज मिति २०८२ पुष महिनाको २८ गते नेपाल सम्वत ११४६ पोहेलाथ्व ९ सोमबारको विहान ११.३० बजे पालुङटार नगरपालिका कार्यालयको सभाहलमा नगर सभाअध्यक्ष श्री बिबस चिन्तन ज्युको अध्यक्षतामा १८ औं नगरसभाको अधिवेशनको प्रथम बैठक निम्न सभा सदस्यहरुको उपस्थितिमा सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विवस चिन्तन | सभा अध्यक्ष | |
| २ | बन्दना पाण्डे | सभा उपाध्यक्ष | |
| ३ | कृष्ण बहादुर परियार | सभा सदस्य | |
| ४ | कृष्ण बहादुर थापा मगर | सभा सदस्य | |
| ५ | रबिन्द्र अधिकारी | सभा सदस्य | |
| ६ | मान बहादुर पौडेल | सभा सदस्य | |
| ७ | दीपक पाण्डे | सभा सदस्य | |
| ८ | चेत बहादुर गुरुङ | सभा सदस्य | |
| ९ | अर्जुन बहादुर कुमाल | सभा सदस्य | |
| १० | होप बहादुर नेपाली | सभा सदस्य | |
| ११ | भेज राज पाण्डे | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| १२ | रिखिराज धौराली | सभा सदस्य | |
| १३ | जमुना नेपाली | सभा सदस्य | |
| १४ | बल बहादुर लामा | सभा सदस्य | |
| १५ | मिना अधिकारि | सभा सदस्य | |
| १६ | याम प्रसाद पोखरेल | सभा सदस्य | |
| १७ | मनिका अधिकारी लिम्बु | सभा सदस्य | |
| १८ | पार्वती नेपाली | सभा सदस्य | |
| १९ | मिना नेपाली | सभा सदस्य | मिना |
| २० | गोविन्द वस्ती | सभा सदस्य | |
| २१ | ~~संजिता गिरी बस्नेत~~ | ~~सभा सदस्य~~ | |
| २२ | विष्णु गिरी | सभा सदस्य | |
| २३ | धन सि गुरुङ | सभा सदस्य | |
| २४ | तारा परियार | सभा सदस्य | तारा |
| २५ | वासुदेव रानाभाट | सभा सदस्य | |
| २६ | आनन्द परियार | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| २७ | मिना सुनार | सभा सदस्य | |
| २८ | दिल माया कुमाल | सभा सदस्य | |
| २९ | भरत बहादुर श्रेष्ठ | सभा सदस्य | |
| ३० | सनसिरी तमाङ | सभा सदस्य | |
| ३१ | बुधराम गुरुङ | सभा सदस्य | |
| ३२ | सिता सेन्च्यूरी सुनार | सभा सदस्य | |
| ३३ | हर्क बहादुर नेपाली | सभा सदस्य | |
| ३४ | उषा अधिकारी | सभा सदस्य | |
| ३५ | इन्दिरा नेपाली | सभा सदस्य | |
| ३६ | इश्वर कुमार मल्ल | सभा सदस्य | |
| ३७ | अमृत झेडी मगर | सभा सदस्य | |
| ३८ | प्रेम बहादुर कुमाल | सभा सदस्य | |
| ३९ | खोप बहादुर थापा | सभा सदस्य | |
| ४० | पम्फा वि.क. सुनार | सभा सदस्य | |
| ४१ | प्रमिला थापा | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ४२ | गिरि माया थापा मगर | सभा सदस्य | |
| ४३ | सावित्रा सुनार | सभा सदस्य | |
| ४४ | कृष्ण बहादुर कुमाल | सभा सदस्य | |
| ४५ | कुल राज श्रेष्ठ | सभा सदस्य | |
| ४६ | अर्जुन वि.क. | सभा सदस्य | |
| ४७ | अमृत बहादुर नगरकोटी | सभा सदस्य | अमृत |
| ४८ | खिल बहादुर श्रेष्ठ | सभा सदस्य | |
| ४९ | मिन माया लामा | सभा सदस्य | |
| ५० | भगवती परियार | सभा सदस्य | भगवती |
| ५१ | सरीता नेपाली | सभा सदस्य | |
| ५२ | सुरेश गुरुङ | सभा सदस्य | |
| ५३ | सुब्बा लामा | सभा सदस्य | |
| ५४ | देवि माया योगी | सभा सदस्य | |
| ५५ | शेर बहादुर वि.सी | सभा सचिव | |

# अनुसूची १

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## पालुङटार नगरपालिका

## नगर सभा

## कार्यसूची र समयतालिका

बैठक संख्याः १

बैठक स्थानः पालुङटार नगरपालिका सभाहल

अध्यक्षताः नगर प्रमुख विवश चिन्तन

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२-०९-२८ | दिउसो १ बजे | नीति तथा कार्यक्रमको समिक्षा पेश गर्नु हुने। | नगर प्रमुख श्री विवस चिन्तन ज्यू | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो १.१५ बजे | विनियोजन ऐन-२०८२ को पहिलो संसोधन प्रस्ताव पेश गर्नु हुने। | उप प्रमुख श्री वन्दना पाण्डे ज्यू | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो १.२० बजे | पालुङटार नगरपालिका न्याविक समिति (कार्यविधि सम्बन्धी) दोस्रो संसोधन विधेयक-२०८२ पेश गर्नु हुने। | न्यायिक समितिको संयोजक श्री वन्दना पाण्डे ज्यू। | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो १.३० बजे | शिक्षा विधेयक-२०८२ पेश गर्नु हुने | सामाजिव विकास समितिको संयोजक श्री भेज राज पाण्डे ज्यू। | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो १.४५ बजे | जनस्वास्थ्य विधेयक-२०८२ पेश गर्नु हुने। | सामाजिव विकास समितिको संयोजक श्री भेज राज पाण्डे ज्यू। | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो १.५० बजे | कृषि विधेयक-२०८२ पेश गर्नु हुने | आर्थिक विकास समितिको संयोजक श्री रिखिराज धौराली ज्यू | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो १.५५ बजे | सहकारी ऐन पहिलो संसोधन) विधेयक-२०८२ पेश गर्नु हुने। | आर्थिक विकास समितिको संयोजक श्री रिखिराज धौराली ज्यू | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो २ बजे | विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८२ पेश गर्नु हुने। | सुशासन तथा संस्थागत विकास समितिको संयोजक श्री दीपक पाण्डे ज्यू | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो २.०५ बजे | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाहित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८२ पेश गर्नु हुने। | सुशासन तथा संस्थागत विकास समितिको संयोजक श्री दीपक पाण्डे ज्यू | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो २.१० बजे | सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्न बनेको विधेयक-२०८२ पेश गर्नु हुने। | सुशासन तथा संस्थागत विकास समितिको संयोजक श्री दीपक पाण्डे ज्यू | पारित गर्ने |

| | | | | |
|---|---|---|---|---|
| २०८२-०९-२८ | दिउसो २.४० बजे | पालुङटार नगरपालिकाको कर्मचारीलाई सवारी ईन्धन तथा मर्मत सुविधा सम्बन्धी मापदण्ड (पहिलो संसोधन) -२०८२ पेश गर्नु हुने। | सुशासन तथा संस्थागत विकास समितिको संयोजक श्री दिपक पाण्डे ज्यू | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो २.५० बजे | शुन्य समय | श्री नगर प्रमुख विवस चिन्तन ज्यू | पारित गर्ने |
| २०८२-०९-२८ | दिउसो ३ बजे | विविध | श्री नगर प्रमुख विवस चिन्तन ज्यू | पारित गर्ने |

## निर्णयहरु

१. पालुङटार नगरपालिकाको १८ औं नगरसभा नगर प्रमुख श्री विवस चिन्तन ज्यूको अध्यक्षतामा शुभारम्भ ।

२. पालुङटार नगरपालिकाको १७ औ नगरसभाबाट पारित विनियोजन ऐन-२०८२ प्रथम संसोधन विधेयक-२०८२ छलफल गरि पारित गरियोस् भनि नगर उपप्रमुखले राख्नु भएको प्रस्ताव स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत भयो ।

३. पालुङटार नगरपालिका न्यायीक समिति कार्यविधि सम्वन्धी दोस्रो संसोधन विधेयक-२०८२ छलफल गरि पारित गरियोस् भनि उप प्रमुख श्री वन्दना पाण्डेले राख्नु भएको प्रस्ताव र सभासदस्य श्री रविन्द्र अधिकारीले समर्थनलाई स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत गरियो ।

४. शिक्षा विधेयक-२०८२ पारित गरियोस् भनि सामाजिक विकास समितिको संयोजक श्री भेजराज पाण्डेको प्रस्ताव र सभासदस्य श्री कृष्ण बहादुर परियारले राख्नु भएको समर्थन प्रस्ताव सर्वसम्मतीले स्वकृत भयो ।

५. जनस्वास्थ्य विधेयक-२०८२ पारित गरियोस् भनि सामाजिक विकास समितिको संयोजक श्री भेजराज पाण्डेको प्रस्ताव र सभासदस्य श्री पम्फा वि.कले राख्नु भएको समर्थन प्रस्ताव स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत भयो ।

६. कृषि विधेयक-२०८२ पारित गरियोस् भनि आर्थिक विकास समितिको संयोजक श्री रिखिराज धौरालीको प्रस्ताव र सभासदस्य अर्जुन वि.कले राख्नु भएको समर्थन प्रस्ताव स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत भयो ।

७. सहकारी ऐन (पहिलो संसोधन)-२०८२ पारित गरियोस् भनि आर्थिक विकास समितिको संयोजक श्री रिखिराज धौरालीको प्रस्ताव र सभासदस्य मिना सुनारले राख्नु भएको समर्थन प्रस्ताव स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत भयो ।

८. विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८२ पारित गरियोस् भनि सुशासन तथा संस्थागत क्षमता विकास समितिको संयोजक श्री दिपक पाण्डेले राख्नु भएको प्रस्ताव र सभासदस्य रविन्द्र अधिकारीले राख्नु भएको समर्थन प्रस्ताव स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत भयो ।

९. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाहित्व सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८२ पारित गरियोस् भनि सुशासन तथा संस्थागत क्षमता विकास समितिको संयोजक श्री दिपक पाण्डेले राख्नु भएको प्रस्ताव र सभासदस्य रविन्द्र अधिकारीले राख्नु भएको समर्थन प्रस्ताव स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत भयो ।

१०. सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्न बनेको विधेयक-२०८२ पारित गरियोस् भनि सुशासन तथा संस्थागत क्षमता विकास समितिको संयोजक श्री दिपक पाण्डेले राख्नु भएको प्रस्ताव र सभासदस्य मान बहादुर पौडेलले राख्नु भएको समर्थन प्रस्ताव स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत भयो ।

११.पालुङटार नगरपालिकाको कर्मचारीलाई सवारी ईन्धन तथा तथा मर्मत सुविधा सम्वन्धी मापदण्ड (पहिलो संसोधन)-२०८२ पारित गरियोस् भनि सुशासन तथा संस्थागत क्षमता विकास समितिको संयोजक श्री दिपक पाण्डेले राख्नु भएको प्रस्ताव र सभासदस्य रविन्द्र अधिकारीले राख्नु भएको समर्थन प्रस्ताव स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७४ को दफा १४ को उपदफा २ बमोजिम सर्वसम्मतीले स्वीकृत भयो ।

१२.चालु आ.व२०८२-८३ मा हाल सम्म पालुङटार नगरपालिका नगर कार्यापालिका नगर प्रमुख नगर उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत तथा माताहत कार्यालयहरु बाट भएका विभिन्न निर्णय तथा काम कारवाहिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१३.चालु आ.व मा खरिद योजना अनुरुप संचालित कार्यक्रम तथा क्रियाकलाप र योजनाहरु अनुमोदन गरी बजेट प्राप्ती आन्तरिक राजश्वको उपलब्धताका आधारमा उक्त खरिद योजना संसोधन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

१४.यस नगरपालिका अन्तरगत कार्यरत करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्वन्धमा १८ औ नगरसभाबाट रकम विनियोजन गर्ने निर्णय गरिएकोमा सो को कार्यान्वयन गर्न आवश्यक कार्यविधि निर्माणका लागि नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो । कार्यविधि निर्माण गर्दा नेपाल सरकारले तोके बमोजिमको न्यून्तम ज्यालालाई आधार मानी हुन आउने रकमको २० प्रतिशत नगरपालिकाबाट र ११ प्रतिशत सम्वन्धित कर्मचारीबाट कट्टी गर्ने नगरपालिकाको स्रोतबाट पारिश्रमिक भुक्तानी पाउने करार कर्मचारीको हकमा मात्र लागु हुने गरि तर्जुमा गर्ने निर्णय गरियो ।

१५.नगर सभा अन्तरगत रहेको विधमान विधायन समितिमा निम्नासार सदस्य रहने गरि पुनगठन गर्ने

तपसिल

संयोजक- मान बहादुर पौडेल

सदस्य- होप बहादुर नेपाली

सदस्य- ईश्वर कुमार मल्ल

१६.नगरसभा अन्तरगत रहेको लेखा समितिमा निम्नानुसार सदस्य रहने गरी पुन गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक- श्री अर्जनु बहादुर कुमाल

सदस्य - श्री यवनाथ पोखरेल

सदस्य- श्री अमृत झेडी

१७.नगरपालिका अन्तरगत संघीय सरकार प्रदेश सरकार र आन्तरिक स्रोतबाट संचालित आयोजना/कार्यक्रमको प्राथमिकिकरण गरी नतिजामुखी योजना संचालनका लागी योजना बैंक प्रणाली विकास गरी आ.व २०८३-८४ बाट अनिवार्य रुपमा लागु गर्ने ।

१८.यस नगरपालिका अन्तरगत रहेको सम्पुर्ण सामुदायिक विद्यालयहरुको आर्थिक क्रियाकलापहरुलाई प्रविधिमैत्री बनाउन एकरुपता कायम गर्न एकिकृत सूचना प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ ।

१९.पालुङटार नगरपालिकाको कार्यालय र अन्तरगतको सम्पुर्ण कार्यालयहरु नगर प्रमुख उप प्रमुख लगायत सम्पुर्ण जनप्रतिनिधी तथा नगरपालिका अन्तरगतका सम्पूर्ण कर्मचारीहरुको विरुद्ध कार्यालय सम्वन्धी कामकाजको शिलशिलामा परको मुद्धा मामिलाका विषयमा कुनै पनि अड्डा अदालतमा उपस्थित भई प्रतिरक्षा गर्न कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

२०. कर सम्वन्धी एकिकृत कार्यविधि सम्पति कर व्यवसाय कर र बहाल कर को सम्वन्धमा कार्यविधि निर्माण गर्नु पर्ने भएका कार्यापालिकाबाट गर्ने गरि अख्तियार दिने ।

२१. यस नगरपालिकाको पुर्वाधार विकास तथा भवन शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुलाई कार्यविधि तर्जुमा गरि जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो । कार्यविधि तर्जुमा गर्दा कम्तिमा चौथो /पाचौ तहलाई ७००० र छैटौं/ सातौं तहका कर्मचारीलाई ८००० नघट्ने गरि कार्यविधि तर्जमा गर्न सक्ने गरि कार्यपालिकालाई जिम्मा दिने निर्णय गरियो ।

२२. १७ औ नगरसभाबाट रकम विनियोजन भई बोलपत्र मार्फत योजना संचालन भएका योजनाहरु घटिघटाउ प्रकृया मार्फत कम अंङ्कमा सम्झौता भएका योजनाहरुबाट बचत हुने रकमले गत/चालु आ.वको भुक्तानी दिन बाँकी योजनाहरुको रकम भुक्तानी दिन आवश्यक निर्णयका लागि नगरकार्यापालिकालाई अख्तियारी दिने निर्णय गरियो ।